बुद्धशान्ति राजपत्र

बुद्धशान्ति गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ९)सोमबार, झापा, कोशी प्रदेश, नेपाल, जेठ २६, २०८२ साल (संख्या २

भाग-२

स्थानीय सरकार

बुद्धशान्ति गाउँपालिका

बुधवारे, झापा

बुद्धशान्ति गाउँपालिकाको सूचना

बुद्धशान्ति गाउँपालिका, गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको भागीरथा न्यौपाने बुद्धशान्ति अस्पताल (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२ सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

सम्बत् २०८२ सालको कार्यविधि नं. २

भागीरथा न्यौपाने बुद्धशान्ति अस्पताल (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२

प्रस्तावनाः अस्पतालबाट उपलब्ध हुने आधारभूत स्वास्थ्य सेवालाई सहज, प्रभावकारी, व्यवस्थित र गुणस्तरीय बनाउन गाउँपालिकाले स्थापना गरेको भागीरथा न्यौपाने वुद्धशान्ति अस्पताल व्यवस्थित रूपमा सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकाले,

बुद्धशान्ति गाउँपालिकाको स्वास्थ्य सेवा सञ्चालन ऐन, २०८१ को दफा ४६(२) ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले "भागीरथा न्यौपाने बुद्धशान्ति अस्पताल (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२" जारी गरेको छ।

परिच्छेद-१
प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "भागीरथा न्यौपाने बुद्धशान्ति अस्पताल (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०८२" रहेको छ।

(२) यो कार्यविधि बुद्धशान्ति राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u>:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले बुद्धशान्ति गाउँपालिकाको स्वास्थ्य सेवा सञ्चालन ऐन, २०८१ सम्झनुपर्छ ।

(ख) "गाउँपालिका" भन्नाले बुद्धशान्ति गाउँपालिका सम्झनुपर्छ ।

(ग) "कार्यपालिका" भन्नाले बुद्धशान्ति गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनुपर्छ।

(घ) "अध्यक्ष" भन्नाले अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको अध्यक्ष सम्झनुपर्छ।

(ङ) "अस्पताल" भन्नाले बुद्धशान्ति गाउँपालिकाबाट सञ्चालित भागीरथा न्यौपाने बुद्धशान्ति अस्पताल सम्झनुपर्छ।

(च) "अस्पताल प्रमुख" भन्नाले अस्पतालमा कार्यरत चिकित्सकहरु मध्ये अस्पताल प्रमुखको काम गर्न तोकिएको मेडिकल अधिकृतलाई सम्झनुपर्छ ।

(छ) "पालिका अध्यक्ष" भन्नाले बुद्धशान्ति गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ।

(ज) "पालिका उपाध्यक्ष" भन्नाले बुद्धशान्ति गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ।

(झ) "चिकित्सक" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्न सम्बन्धित परिषदबाट अनुमति प्राप्त जनशक्तिलाई सम्झनुपर्छ।

(ञ) "नर्सिङ कर्मचारी" भन्नाले नेपाल नर्सिङ परिषदमा कानुन बमोजिम दर्ता भई विरामीको उपचार तथा स्याहारमा संलग्न जनशक्तिलाई सम्झनुपर्छ ।

(ठ) "सेवा" भन्नाले कानुन बमोजिम सञ्चालित नेपाल स्वास्थ्य सेवा, प्रदेश तथा स्थानीय स्वास्थ्य सेवा समेतलाई सम्झनुपर्छ ।

(ड) "पदाधिकारी" भन्नाले व्यवस्थापन समिति अध्यक्ष, सदस्य वा सोही प्रकारका अन्य पदाधिकारीलाई सम्झनुपर्दछ ।

(ढ) "कार्यालय" भन्नाले बुद्धशान्ति गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

(ण) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बुद्धशान्ति गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(त) "स्वास्थ्य शाखा" भन्नाले गाउँपालिकाको स्वास्थ्य शाखा सम्झनुपर्दछ ।

(थ) "स्वास्थ्यकर्मी" भन्नाले नेपाल स्वास्थ्य व्यवसायी परिपदमा कानुन बमोजिम दर्ता भई विरामीको स्वास्थ्य परीक्षण उपचार तथा निदानात्मक कार्यमा संलग्न जनशक्तिलाई सम्झनु पर्दछ ।

परिच्छेद-२

अस्पताल स्थापना र आधारभूत सेवाको मापदण्ड

३. अस्पतालको स्थापनाः (१) बुद्धशान्ति गाउँपालिकामा उपचारात्मक, निदानात्मक, तथा प्रवर्द्धनात्मक स्वास्थ्य सेवा प्रदान गर्न बहिरङ्ग र अन्तरङ्ग सेवा सहितको एक आधारभूत अस्पताल रहनेछ ।

(२) यस कार्यविधि बमोजिमको आधारभूत अस्पतालको नाम भागीरथा न्यौपाने बुद्धशान्ति अस्पताल हुनेछ ।

४. **अस्पतालको संगठन संरचनाः** (१) यस कार्यविधि बमोजिमको आधारभूत अस्पतालको दरवन्दी तथा संगठन संरचना कार्यपालिकाले स्वीकृत गरे अनुसार हुनेछ ।

५. **अस्पतालको सामान्य सेवा सम्बन्धी व्यवस्थापनः** नेपाल सरकारको स्वास्थ्य संस्था सञ्चालन मापदण्ड (पहिलो संशोधन सहित), २०७७ बमोजिम देहाय अनुसार गर्नु पर्नेछः

(१) अस्पतालमा सोधपुछ कक्ष, गुनासो सुन्ने अधिकारी र गुनासो पेटिका हुनु पर्नेछ साथै प्रत्येक हप्ता गुनासो पेटिका खोल्नु पर्नेछ ।

(२) सूचना तथा सञ्चार सेवा

(क) अस्पतालमा ईन्टरकम एवं बाह्य टेलिफोन सेवा सहितको सञ्चार सेवाको व्यवस्था हुनु पर्नेछ । आकस्मिक सेवाका नम्बरहरू अद्यावधिक राख्नु पर्नेछ ।

(ख) सबैले देख्न सक्ने गरी नेभिगेसन चार्ट र नागरिक बडापत्र राख्नु पर्नेछ।

(ग) अस्पतालमा इन्टरनेटको सुविधा उपलब्ध हुनु पर्नेछ ।

(३) अस्पतालमा चौबिसै घण्टा पिउने पानी सहित सफा पानीको प्रशस्त व्यवस्था हुनु पर्नेछ ।

(४) अस्पतालमा चौबिसै घण्टा विद्युत आपूर्तिको लागि ब्याक-अप प्रणाली सहितको व्यवस्था हुनु पर्नेछ ।

(५) अस्पताल हाताभित्र पर्याप्त पानी सहितको देहायका मापदण्ड भएको पर्याप्त संख्यामा सफा शौचालयको साथै साबुन पानीले हात धुने व्यवस्था हुनु पर्छ ।

(क) बालबालिका मैत्री

(ख) महिला र पुरुषको लागि छुट्टाछुट्टै शौचालय र महिला शौचालयमा ढक्कन भएको फोहोर हाल्ने टोकरी भएको हुनु पर्नेछ ।

(ग) अपाङ्गता मैत्री

(घ) जेष्ठ नागरिक मैत्री

(६) अस्पतालको बहिरङ्ग तथा अन्तरङ्ग सेवा दिइने स्थानहरुमा पर्याप्त विश्रामस्थल तथा कुरुवा स्थलको व्यवस्था हुनु पर्छ ।

(७) अस्पताल हाताभित्र स्वस्थ, सफा र सुविधायुक्त क्यान्टिनको व्यवस्था हुनु पर्छ।

(८) अस्पतालमा चौविसै घण्टा सुरक्षा गार्डको व्यवस्था हुनु पर्नेछ । आपतकालीन अवस्थामा अन्य सुरक्षा निकायसँग समन्वय संयन्त्रको व्यवस्था हुनु पर्नेछ । अस्पतालका संवेदनशील क्षेत्रहरु जस्तै आकस्मिक कक्ष, फार्मेसी, बहिरङ्ग कक्ष, टिकट कक्ष लगायतका क्षेत्रहरुमा सिसि क्यामेरा जडान गरी कम्तिमा ३० दिनसम्मको रेकर्ड रहने व्यवस्था गरिएको हुनु पर्नेछ ।

(९) अस्पतालको आफ्नै एम्बुलेन्स सेवा उपलब्ध हुनु पर्नेछ ।

(१०) कर्मचारी तथा सेवाग्राहीको लागि सवारी साधन पार्किङ्गको व्यवस्था हुनु पर्नेछ।

(११) अस्पतालको लागि आवश्यक लत्ता कपडा, सरसफाई सामग्री, औजार, उपकरण तथा

औषधीको न्युनतम मौज्दात रहनु पर्नेछ र सो सामग्रीहरुको उपयुक्त भण्डारको लागि रेफ्रिजेरेटर, एयर कन्डिसनर, उपयुक्त भेन्टिलेशन सहितको पर्याप्त भण्डार कक्षको व्यवस्था हुनु पर्नेछ ।

(१२) कर्मचारीहरुको दैनिक उपस्थिति अभिलेख राखेको हुनु पर्नेछ । कर्मचारीले तोकेको पोसाक, परिचय पत्र एवं विद्युतीय हाजिरीको प्रयोग गरेको हुनु पर्नेछ । कर्मचारीको कार्यविवरण/जिम्मेवारी लिखित रुपमा तोकिएको हुनु पर्नेछ ।

(१३) अस्पतालको भवन, सवारी साधन, मेसिनरी औजार, यन्त्र उपकरण, विद्युतीय उपकरणहरको नियमित मर्मत संभार गर्ने व्यवस्था हुनु पर्नेछ । मर्मतको वार्षिक योजना तयार गरी सोही अनुसार कार्यान्वयन गर्नु पर्नेछ ।

(१४) सूचना विज्ञ सहितको तथ्याङ्क व्यवस्थापन एकाइको व्यवस्था हुनु पर्नेछ ।

(१५) निशुल्क औषधीहरुको नियमित आपूर्ति हुने व्यवस्था मिलाउनु पर्नेछ ।

(१६) अस्पतालले नेपाल सरकारबाट जारी "स्वास्थ्य संस्था सञ्चालन मापदण्ड २०७७" अनुसारको आधारभूत मापदण्ड पुरा गर्नु पर्नेछ ।

६. **अस्पतालको स्वास्थ्य सेवा सञ्चालनः** (१) अस्पतालले नेपाल सरकारको जनस्वास्थ्य सेवा नियमावली, २०७७ को अनुसूची ७ बमोजिमका देहायका आधारभूत अस्पतालले प्रदान गर्ने सेवाहरु प्रदान गर्नेछ।

(क) जनस्वास्थ्य सेवा नियमावली, २०७७ को अनुसूची १ बमोजिमका देहायका **आधारभूत स्वास्थ्य सेवाहरुः**

(१) खोप सेवा

(२) एकिकृत नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापन

(३) पोषण सेवा

(४) गर्भवती परीक्षण सेवा, प्रसव तथा सुत्केरी सेवा

(५) परिवार नियोजन, सुरक्षित गर्भपतन, प्रजनन स्वास्थ्य सेवा तथा महिलाको क्यान्सर (शिघ्र पहिचान, परामर्श तथा प्रेषण) सम्बन्धी सेवा

(६) सरुवा रोगको प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषण सम्बन्धी सेवा

(७) नसर्ने रोग तया शारीरिक विकलाङ्गताहरुको प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श, आकस्मिक उपचार तथा प्रेषण सम्बन्धी सेवा

(८) मानसिक रोगहरुको प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण सम्बन्धी सेवा

(९) ज्येष्ठ नागरिकको स्वास्थ्य समस्याहरुको प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण, स्वास्थ्य प्रवर्द्धन सम्बन्धी सेवा

(१०) सामान्य आकस्मिक अवस्थाका सेवा

(११) स्वास्थ्य प्रवर्द्धन सेवा जनचेतनामूलक सूचना तथा सञ्चार सामग्री/व्यवहार परिवर्तन सञ्चार/परामर्श सेवा

जनस्वास्थ्य सेवा नियमावली, २०७७ को अनुसूची १ बमोजिमका देहायका सेवाहरुः

(ख) बहिरङ्ग तथा अन्तरङ्ग चिकित्सकीय सेवा

(१) सामान्य चिकित्सा

(२) सामान्य शल्यक्रिया

(३) स्त्री तथा प्रसुती रोग सेवा

(४) शिशु तथा बाल स्वास्थ्य संवा

(५) सामान्य दन्त सेवा

(६) प्राथमिक आँखा उपचार सेवा

(ग) देहायका आकस्मिक सेवा

(१) आकस्मिक सेवा

(२) आधारभूत आकस्मिक शल्यक्रिया

(३) आकस्मिक प्रयोगशाला तथा रक्त सञ्चार सेवा

(घ) निदानात्मक सेवा
(ङ) रेडियो इमेजिङ्ग सेवा
(च) प्रयोगशाला सेवा
(छ) फार्मेसी सेवा
(ज) मेडिको लिगल सेवा
(झ) नेपाल सरकार स्वास्थ्य तथा जनसख्या मन्त्रालयले तोकेका अन्य सेवाहरु

(२) आकस्मिक स्वास्थ्य सेवा अन्तर्गत नेपाल सरकारको जनस्वास्थ्य सेवा नियमावली २०७७ को अनुसूची २ बमोजिम देहायका सामान्य आकस्मिक स्वास्थ्य सेवा उपलब्ध गराउनु पर्नेछ ।

(क) चोटपटक तथा घाउ खटिरा सम्बन्धी आकस्मिक अवस्थाहरू

(१) घाउ घोटको मलम पट्टी लगाउने र आवश्यकता अनुसार प्रेषण र परामर्श

(२) काटेको घाउमा टाँका लगाउने र आवश्यकता अनुसार प्रेषण र परामर्श

(३) पिलो तथा फोडाको उपचार आवश्यकता अनुसार प्रेषण र परामर्श

(ख) आकस्मिक अवस्थाको प्राथमिक व्यवस्थापन (Common Emergency Conditions)

(१) आघात (Shock) को व्यवस्थापन र आवश्यकता अनुसार प्रेषण

(२) मुर्छित अवस्थाको लेखाजोखाः प्रारम्भिक व्यवस्थापन उपचार तथा प्रेषण (आवश्यकता अनुसार)

(३) कन्भल्सन (Convulsion) को व्यवस्थापन र आवश्यकता अनुसार प्रेषण

(४) दुर्घटनाबाट गम्भिर घाइते विरामीलाई स्थिर बनाउने र आवश्यकता अनुसार व्यवस्थापन र प्रेषण

(५) हाड भाँचिएको (Fracture), जोर्नी खुस्केको, सर्केको (Joint Subluxation, Dislocation) लाई स्थिर बनाउने, निदान, दुखाईको व्यवस्थापन र प्रेषण परामर्श

(६) पोलाई (Bum & Scald) को प्रारम्भिक विदान, लाक्षणिक उपचार, प्रेपण र परामर्श

(७) विषादी सेवनः पेट सफा गर्ने (Gastric Lavage) लगायतका व्यवस्थापन, उपलब्ध प्रति विषादी (Antidotes) को प्रयोग तथा आवश्यकता अनुसार प्रेषण

(८) पानीमा डुबेको (Drowning): प्रारम्भिक व्यवस्थापन र आवश्यकता अनुसार प्रेषण

(ग) सर्पदंश/किराको टोकाइ जनावरको टोकाइ प्राथमिक उपचार तथा प्रेषण

(४) नेपाल सरकारको "स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७ को दफा ३० बमोजिम "D" वर्गको प्रयोगशाला सञ्चालन गर्नु पर्नेछ ।

(५) नेपाल सरकारको स्वास्थ्य संस्था सञ्चालन मापदण्डको दफा ४२ बमोजिमको रेडियो ईमेजिङ्ग सेवा सञ्चालन गर्नु पर्नेछ ।

(६) फार्मेसी सेवा निर्देशिका २०७२ को निर्देशन पालना गरी "स्वास्थ्य संस्था सञ्चालन मापदण्ड को दफा ४९ बमोजिम फार्मेसी सेवा सञ्चालन गर्नु पर्नेछ ।

(७) आधारभूत अस्पतालमा उपलब्ध स्रोत साधन तथा जनशक्तिको आधारमा आवश्यकता अनुसार विस्तारित सेवा सञ्चालन गर्न सकिनेछ ।

(८) आधारभूत अस्पतालमा कार्यरत चिकित्सक स्वास्थ्यकर्मी वा अन्य कर्मचारी अस्पतालले तोकेको समयमा अन्यत्र सेवा गर्न पाउने छैन ।

७. <u>गुणस्तर सुनिश्चितता हुनु पर्नेः</u> (१) यस कार्यविधि बमोजिम प्रदान गरिने स्वास्थ्य सेवाहरू स्वास्थ्य सेवा सञ्चालन मापदण्ड, २०७७ मा तोकिएको गुणस्तर सुनिश्चित हुने गरी मापदण्डको पालना गरेको हुनु पर्नेछ।

८. **<u>अस्पतालको सेवाको गुणस्तर तथा मापदण्ड अनुगमन सम्बन्धी व्यवस्थाः</u>** (१) अस्पतालले प्रदान गरेको सेवाहरू यस कार्याविधि तथा नियमावलीमा तोकिएको मापदण्ड बमोजिम गुणस्तरीय भए नभएको सम्बन्धमा प्रत्येक वर्ष व्यवस्थापन तथा स्व-मूल्याङ्कन गराई सोको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना भित्र गाउँ कार्यपालिकामा तोकिएको ढाँचामा पेश गर्नु पर्नेछ।

(२) गाउँपालिकाले अस्पतालको विशेष प्रकृतिको सेवा गुणस्तर अनुगमन गर्न विज्ञ सहितको टोली गठन गरी आवश्यक सुधार गर्न सक्नेछ।

परिच्छेद-४

<u>व्यवस्थापन समिति सम्बन्धी व्यवस्था</u>

९. **<u>समितिको गठनः</u>** (१) आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन गर्न देहायको एक अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ।

(क) गाउँपालिकाको अध्यक्ष - पदेन अध्यक्ष

(ख) गाउँपालिकाको उपाध्यक्ष - पदेन उपाध्यक्ष

(ग) प्रमुख प्रशासकीय अधिकृत - पदेन सदस्य

(घ) अस्पताल रहेको वडाको वडाध्यक्ष - पदेन सदस्य

(ङ) गाउँ कार्यपालिकाको पदाधिकारीहरू मध्ये कार्यपालिकाले तोकेको महिला, दलित वा अल्पसंख्यक सदस्यमध्ये दुईजना - सदस्य

(च) गाउँ कार्यपालिकाको पदाधिकारीहरूमध्ये अध्यक्षले मनोनयन गरेको कम्तीमा एकजना महिला सहित जम्मा तीनजना- सदस्य

(छ) स्वास्थ्य क्षेत्रमा विशिष्ट योगदान गर्ने व्यक्ति वा अस्पतालका जग्गादाता वा समाजसेवी मध्ये कार्यपालिकाले मनोनयन गरेको दुईजना व्यक्ति -सदस्य

(ज) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख - पदेन सदस्य

(झ) अस्पताल प्रमुख -सदस्य सचिव

(२) समितिको बैठकमा आवश्यकता अनुसार अस्पतालका कर्मचारी, स्वास्थ्य क्षेत्रका विषय विज्ञ,

सेवाग्राहीका प्रतिनिधि र निजी क्षेत्रका प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ।

१०. **पदावधिः** (१) समितिमा मनोनीत पदाधिकारीको पदावधि ५ वर्षको हुनेछ। त्यस्ता पदाधिकारी पुनः मनोनीत हुन सक्नेछन ।

(२) मनोनीत सदस्यको पदावधि बाँकी रहदै गाउँपालिकाको नयाँ पदाधिकारीहरुको निर्वाचन भएमा बाँकी पदावधि स्वतः समाप्त हुनेछ।

११. **पद रिक्त हुने अवस्थाः** (१) देहायको अवस्थामा अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिका पदाधिकारीको पद रिक्त भएको मानिनेछः

(क) निजको मृत्यु भएमा

(ख) अध्यक्षले कार्यपालिका समक्ष तथा उपाध्यक्ष र सदस्यले अध्यक्ष समक्ष दिएको राजिनामा स्वीकृत भएमा,

(ग) दफा १० बमोजिम पदावधि समाप्त भएमा,

(घ) विना सूचना लगातार तीन पटक समितिको बैठकमा अनुपस्थित भएमा,

(ङ) फौजदारी अभियोग प्रमाणित भएमा,

(च) आधारभूत अस्पतालको अहित हुने काम गरेको छानबिनबाट प्रमाणित भएमा,

(छ) मानसिक अवस्था ठिक नभएको भनी प्रमाणित भएमा ।

१२. **<u>समितिको काम, कर्तव्य र अधिकारः</u>** (१) अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) आधारभूत स्वास्थ्य सेवा प्रवाह र न्यूनतम सेवा मापदण्ड कार्यान्वयनको सुनिश्चितता गराउने ।

(ख) स्वास्थ्य संस्थाबाट गुणस्तरीय, प्रभावकारी एवम् दिगो सेवा प्रवाहको लागि स्वास्थ्य संस्थाको उन्नति र विकासको सन्दर्भमा आवश्यक नीति, योजना, कार्यक्रम तर्जुमा र निर्णय गरी कार्यान्वयन गर्ने, गराउने ।

(ग) दलित, अल्पसंख्यक, आदिवासी जनजाती, ज्येष्ठ नागरिक, विपन्न वर्ग, अपागता, वालवालिका, किशोर किशोरी, महिला समूह समेतलाई मध्यनजर

राखी स्वास्थ्य संस्थाको प्राथमिकता र योजना तर्जुमा गरी कार्यान्वयन गर्ने।

(घ) स्वास्थ्य संस्थाको व्यवस्थापन र संचालनको लागि आवश्यक स्रोत साधन जुटाउन पहल गर्ने, वार्षिक बजेट तथा कार्यक्रम तयार गर्ने ।

(ङ) स्वास्थ्य संस्थाबाट प्रवाह भएका सेवाहरूको नियमित अनुगमन र समीक्षा गरी सेवाको निरन्तर रुपमा गुणस्तर अभिवृद्धि गर्न आवश्यक निर्णय लिने।

(च) स्वास्थ्य बीमा कार्यक्रम, खोप कार्यक्रम, मातृ शिशु सुरक्षा कार्यक्रम जस्ता राष्ट्रिय अभियान तथा कार्यक्रमहरूको कार्यान्वयनको आवश्यक प्रबन्ध मिलाउने ।

(छ) अति विपन्न, असहाय तथा अपाङ्गता भएका व्यक्तिहरूलाई निःशुल्क वा सहुलियतपूर्ण स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक प्रबन्ध मिलाउने ।

(ज) स्वास्थ्य संस्थामा कार्यरत जनशक्तिको क्षमता विकास र एवम् वृत्ति विकासको लागि आवश्यक कार्य गर्ने ।

(झ) सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपलब्धता सुनिश्चित गराउनका लागि आवश्यक मानव स्रोत व्यवस्थापन सम्बन्धी कार्य गर्ने । सेवा प्रदायक र स्वास्थ्यकर्मीहरूलाई सहज रुपमा कार्य गर्न अनुकूल तथा सुरक्षित वातावरण श्रृजना गर्ने र उच्च कार्य सम्पादनका लागि प्रोत्साहित गर्ने।

(ञ) स्वास्थ्य संस्थाको भौतिक सम्पत्तिको एकिन तथ्याङ्क अध्यावधिक गर्ने एवं सम्पत्तिको संरक्षण गर्ने गराउने, स्वास्थ्य संस्थाको भौतिक संरचना तथा मर्मत संभारको व्यवस्थापन गर्ने। स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार तथा सेवा प्रवाह (भवन, औषधी, औजार उपकरण) को लागि स्वास्थ्य संस्थाको नियमित स्व-मूल्यांकनका आधारमा आवश्यक स्थानीय वित्तीय स्रोत साधनहरुको पहिचान तथा परिचालनमा

सहयोग गर्ने र सोको व्यवस्थापनका लागि सम्बन्धित निकायमा आवश्यक छलफल, सिफारिस गर्ने ।

(ट) स्वास्थ्य संस्थालाई दिईने सेवाको लक्ष्य अनुसार प्रगति भए नभएको अनुगमन गर्ने ।

(ठ) स्वास्थ्य सूचनाको उचित व्यवस्थापन गर्न स्वास्थ्य सम्बन्धी तथ्यांक, सूचना संकलन, विश्लेषण गरी सोको उपयोगमा वृद्धि ल्याउने। रेकर्डिङ्ग तथा रिपोर्टिङ्गलाई सुनिश्चित गरी यसको मासिक तथा आवधिक समीक्षा गर्ने ।

(ड) स्वास्थ्य संस्थाको भौगोलिक कार्यक्षेत्र भित्रको स्वास्थ्य समस्या र आवश्यकताको विश्लेषण गरी तथ्यमा आधारित योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने ।

(ढ) स्वास्थ्य सेवामा सुशासनलाई मध्यनजर गरी जनसहभागिता र सामाजिक जवाफदेहिता सुनिश्चित गर्दै सेवाग्राही मैत्री स्वास्थ्य सेवालाई सुदृढीकरण गर्न सहयोग तथा सहजीकरण गर्ने ।

(ण) विद्युतीय स्वास्थ्यको अवधारणा कार्यान्वयनका लागि गाउँपालिका अन्तर्गतका विषयगत समिति र स्वास्थ्य शाखासँग आवश्यक समन्वय गर्ने ।

(त) अघिल्लो बैठकले गरेका निर्णयहरूको कार्यान्वयनको स्थितिबारे पुनरावलोकन गरी जनस्वास्थ्यका कार्यक्रम तथा स्वास्थ्य सेवा सञ्चालनआदिमा आएका समस्या समाधान गर्न पहल गर्ने र समाधान हुन नसकेका समस्याहरु समाधानका लागि गाउँपालिका तथा सम्बन्धित निकायलाई पठाउने ।

(थ) गाउँपालिकाले बनाएको आवधिक कार्यक्रम कार्यान्वयन, अनुगमन, समीक्षा र स्वास्थ्य संस्थाको आवधिक तथा वार्षिक प्रगति प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्ने ।

(द) नेपालको संविधान र स्थानीय सरकार सञ्चालनऐन बमोजिम स्वास्थ्य सम्बन्धी स्थानीय तहको एकल तथा साझा

अधिकारहरू कार्यान्वयनका लागि व्यवस्थापन, समन्वय र सहयोग गर्ने ।

(ध) संघ, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा अभियानहरू र गाउँपालिकाले तोके बमोजिमका अन्य कार्यहरू गर्ने ।

(२) व्यवस्थापन समितिका पदाधिकारीको कार्य जिम्मेवारी समितिले आफै निर्धारण गरे बमोजिम हुनेछ ।

१३. <u>समितिको बैठक र सञ्चालन विधि</u>: (१) समितिको वैठक कम्तिमा महिनाको एक पटक वस्नेछ । तर आवश्यकता अनुसार जुनसुकै समय बैठक बस्न सक्नेछ ।

(२) अध्यक्षको निर्देशनमा सदस्य सचिवले समितिको बैठक बोलाउनु पर्नेछ ।

(३) समितिका सदस्यहरुको बहुमतको उपस्थिति भएमा बैठकको गणपुरक संख्या पुगेको मानिनेछ।

(४) समितिको निर्णय उपस्थित सदस्यहरुको बहुमतबाट हुनेछ। कुनै विषयमा मत विभाजन भई बराबर भएमा अध्यक्षले निर्णायक मत दिन पाउनेछ।

(५) समितिको अध्यक्षको अध्यक्षतामा बैठक बस्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षको अध्यक्षतामा बैठक सञ्चालन हुनेछ । अध्यक्ष र उपाध्यक्षको अनुपस्थितिमा समितिका ज्येष्ठ सदस्यले वैठकको अध्यक्षता गर्नेछन ।

(६) बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ।

(७) व्यवस्थापन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

परिच्छेद-५

अस्पताल कोषको स्थापना, सञ्चालन र लेखापरीक्षण सम्बन्धी व्यवस्था

१४. अस्पताल कोषको स्थापनाः (१) अस्पतालको सञ्चालन तथा व्यवस्थापनको लागि यस कार्यविधि बमोजिम गाउँपालिकामा छुट्टै कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन।

(क) नेपाल सरकार, प्रदेश सरकार, स्वास्थ्य बीमा बोर्ड वा सोहि प्रकृतिको संस्थाबाट प्राप्त रकम,

(ख) गाउँपालिकाबाट विनियोजित रकम,

(ग) अस्पतालले सेवा प्रदान गरे बापतको सेवा शुल्कको रकम वा अस्पतालको सम्पत्ति भाडा वा विक्री वापत प्राप्त रकम वा यस्तै प्रकारको अस्पतालको आन्तरिक आम्दानी रकम,

(घ) कुनै स्वदेशी व्यक्ति, स्वदेशी संस्था वा गुठीबाट प्राप्त दान दातव्य, चन्दा, उपहार वा यस्तै रकम,

(ङ) पूर्व स्वीकृति लिई प्रदान गरेको वैदेशिक अनुदान, विदेशी संघ संस्था, वा व्यक्तिबाट प्राप्त अनुदान वा सहयोग रकम,

(च) अन्य आधिकारिक स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ङ) बमोजिमको रकम प्राप्त गर्नु अगाडि प्रचलित कानुन बमोजिम स्वीकृति लिनुपर्नेछ ।

(४) अस्पताललाई प्राप्त हुने सबै प्रकारका आम्दानी उपदफा (१) बमोजिमको कोषमा जम्मा गर्नुपर्नेछ।

(५) समितिको पूर्वस्वीकृति लिइ कुनै स्वदेशी वा विदेशी व्यक्ति वा संस्थाले अस्पताललाई आवश्यक पर्ने कुनै जिन्सी मालसामान वा वस्तुगत सहायता गर्न सक्नेछ ।

(६) यस कार्यविधि बमोजिमको खर्च उपदफा (१) बमोजिमको कोषवाट हुनेछ ।

(७) समितिले आधारभूत अस्पतालको नियमित स्वास्थ्य सेवा प्रवाह र जनस्वास्थ्यका प्रचलित मापदण्ड एवं मूल्य मान्यता प्रतिकूल नहुने गरी आन्तरिक स्रोत साधन व्यवस्थापन गर्न आफ्नो भौतिक सम्पत्तिको सदुपयोग गर्नु पर्नेछ।

१५. **खाता सञ्चालनः** (१) अस्पतालको कोषको रकम गाउँपलिकाको विविध खाता मार्फत सञ्चालन र परिचालन हुनेछ ।

(२) अस्पतालको खाता सञ्चालन गर्न आर्थिक प्रशासन शाखाको कर्मचारीलाई गाउँपालिकाले थप जिम्मेवारी बहन गर्न लिखित रुपमा तोक्न सक्नेछ।

(३) अस्पतालको कोषको रकम व्यवस्थापन समितिको निर्णयानुसार मात्र खर्च गर्नु पर्नेछ।

(४) आय व्ययको लेखापालन महालेखा परीक्षकको कार्यालयबाट तोकिएको नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम हुनेछ।

(५) यस कार्यविधि वमोजिम हुने आर्थिक कारोबारको सम्बन्धमा व्यवस्थापन समिति र खर्च गर्न पाउने अख्तियारी प्राप्त कर्मचारी उत्तरदायी र जबाफदेही हुनेछ।

(६) अस्पतालको आम्दानी र खर्च सम्बन्धी प्रकृया, अभिलेखिकरण, लेखा विवरण तयारी, सम्पत्तिको अभिलेख तथा जिन्सी आयब्यय तथा व्यवस्थापन, सम्पत्तिको विवरण तयार गरि लेखापरीक्षण, बेरुजु अभिलेख, बेरुजु फछ्यौट लगायतका विषयहरु प्रचलित आर्थिक कार्यविधि बमोजिम हुनेछ ।

(७) निर्माण, मालसामान खरिद, परामर्श सेवा र अन्य सेवाको खरिद सम्बन्धी व्यवस्था र खरिद प्रक्रिया सार्वजनिक खरिद ऐन २०६३ र गाउँपालिकाको सार्वजनिक खरिद नियमावली एवम् प्रचलित कानुन बमोजिम हुनेछ।

१६. <u>लेखापरीक्षण:</u> (१) अस्पतालको आन्तरिक नियन्त्रण प्रणाली प्रचलित कानूनी व्यवस्थाको प्रतिकूल नहुने गरी व्यवस्थापन समितिले निर्धारण गरी लागु गर्नु पर्नेछ।

(२) कारोवारको आन्तरिक लेखापरीक्षण गाउँपालिकाको आन्तरिक लेखापरीक्षण शाखाबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

१७. <u>बैठक भत्ता:</u> (१) समितिका सदस्यहरुले गाउँपालिकाको स्वीकृत दर बमोजिम बैठक भत्ता पाउनेछन ।

(२) समिति सदस्यले महिनाको अधिकतम ३ वटा वैठक भत्ता पाउन सक्नेछन ।

१८. <u>सेवा शुल्क सम्बन्धी व्यवस्था:</u> ऐन, नियमावली प्रचलित कानुनमा निःशुल्क भनिएको बाहेक आधारभूत अस्पतालबाट प्रदान गरिने सेवा लगायत आवश्यक शुल्क समितिको सिफारिसमा कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

परिच्छेद-६

<u>जनशक्ति, औषधी तथा उपकरण सम्बन्धी व्यवस्था</u>

१९. **कर्मचारी व्यवस्थापनः** (१) समितिले दफा ४ बमोजिमको स्वीकृत दरवन्दी बमोजिमको कर्मचारीबाट गुणस्तरीय सेवा प्रवाह गराउन कठिनाई भएको ठहर गरी समितिको सिफारिसमा कार्यपालिकाले एकपटकमा वढीमा १ वर्षका लागि अस्थायी दरवन्दी सिर्जना गरी करार वा ज्यालादारीमा थप कर्मचारी खटाउन गर्न सक्नेछ। त्यस्तो दरवन्दी सिर्जना गर्नुपूर्व अस्पतालको आन्तरिक श्रोतको सुनिश्चितता हुनुपर्नेछ।

(२) आधारभूत अस्पतालमा निम्न प्रकृतिका कर्मचारी हुनेछन्।

(क) स्थायीः- नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भइ आएका स्वास्थ्य जनशक्ति र लोकसेवा आयोगबाट पदपुर्ति हुने स्थायी जनशक्ति,

(ख) करारः- करार सेवामा समितिले भर्ना गरेका जनशक्ति,

(ग) छात्रवृत्ति करारः- छात्रवृत्ति करारमा खटाइएका जनशक्ति

(घ) विषय विज्ञको रुपमा बैतनिक या अवैतनिक स्वैच्छिक सेवा उपलब्ध गराउने विज्ञहरु,

(ङ) स्यवंसेवकका रुपमा सेवा प्रवाह गर्न इच्छुक वा अद्यावधिक सूची अनुसार समितिले निर्णय गरी खटाएका स्वयंसेवक स्वास्थ्यकर्मीहरु,

(३) सेवा करार वा करार सेवामा कर्मचारी नियुक्ति गर्दा प्रचलित कानुन, कार्यविधि बमोजिम खुला प्रतियोगिताबाट गर्नु पर्नेछ।

(४) समितिले कार्यबोझ, जोखिम, कार्यघण्टा र अस्पतालको आन्तरिक श्रोत समेतलाई विचार गरी कानुन वमोजिम कर्मचारीलाई नियमित पारिश्रमिकका अतिरिक्त थप प्रोत्साहन सुविधाको व्यवस्था गर्न सक्नेछ।

(५) आधारभूत अस्पताललाई आवश्यक पर्ने जनशक्ति करारमा भर्ना र छनौट गर्नुपर्ने भएमा अस्पतालको माग निवेदन बमोजिम स्विकृत भएको अस्थाई संगठन संरचना भित्र रहेको दरबन्दी पदपूर्ति गाउँपालिकाको पदपूर्ति समितिबाट सिफारिस भए बमोजिम हुनेछ ।

(६) समितिले जनशक्तिको क्षमता अभिवृद्धि गर्नुपर्नेछ ।

(७) अस्पतालमा सेवा विस्तार तथा विशेषज्ञ सेवा प्रदान गर्नु पर्दा समितिले सेवा प्रदान गर्ने संस्थासँग सम्झौता गरी व्यवस्थापन गर्न सक्नेछ।

२०. **अभ्यासकर्ता तथा स्वयंसेवक सम्बन्धी व्यवस्थाः** (१) समितिले अभ्यास कर्ताको रूपमा विभिन्न शैक्षिक संस्थाहरूबाट खटिने विद्यार्थी तथा न्यूनतम शैक्षिक योग्यता हासिल गरी सम्बन्धित परिषदमा दर्ता भएका स्वयंसेवा गर्न इच्छुक स्वास्थ्यकर्मीहरूलाई स्वीकृत मापदण्ड बमोजिमको काममा खटाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम काममा खटाइएका स्वयंसेवकलाई समितिको निर्णय बमोजिम निर्वाह भत्ता उपलव्ध गराउन सकिनेछ ।

२१. **औषधी खरिद, भण्डारण तथा वितरणः** (१) निःशुल्क वितरण गर्नुपर्ने औषधी गाउँपालिकाको स्वीकृत प्रणाली बमोजिम प्राप्त गरी व्यवस्थापन गर्नुपर्नेछ । नेपाल सरकारबाट निशुल्क वितरण गर्नु पर्ने औषधी समयमा प्राप्त हुन नसकेमा अस्पताल कोषबाट त्यस्तो औषधी खरिद गरि वितरण गर्न सकिनेछ । तर अन्य सेवा सुविधा तथा स्वास्थ्य विमाको थैली भित्रका औषधीहरु तत् तत् सेवाको नीति तथा शर्त वमोजिम हुनेछ ।

(२) अस्पतालले निःशुल्क उपलब्ध गराउने औषधी नियमित रुपमा उपलब्धताको लागि माग,

खपत तथा आपुर्तिमा नियमितता ल्याउन गाउँपालिकाको स्वास्थ्य शाखासँग समन्वय गर्नु पर्नेछ।

(३) गाउँपालिकाले अस्पतालको स्वास्थ्य विमा फार्मेसी तथा सशुल्क फार्मेसीको लागि आवश्यक औषधी तथा औषधीजन्य मालसामानको आपूर्ति प्रणाली नियमित गर्नु पर्नेछ । त्यस्ता औषधीको आवश्यकता पहिचान, माग र गुणस्तर नियन्त्रणका लागि प्रचलित कानुन वमोजिम अस्पताल थेराप्युटिक समिति गठन गरी सो समितिको सिफारिसमा आवश्यक व्यवस्था गर्नु पर्नेछ । आवश्यक औषधी तथा औषधीजन्य मालसामानको खरिद प्रक्रिया प्रचलित खरिद ऐन नियम वमोजिम र जिन्सी व्यवस्थापन विद्युतीय प्रणाली eLIMS मार्फत हुनेछ ।

(४) औषधी नष्ट हुनबाट बचाउन तथा गुणस्तर कायम गर्न नेपाल सरकारले तोकेको मापदण्ड अनुसार औषधी भण्डारण गर्नुपर्नेछ ।

(५) अस्पतालको जिन्सी व्यवस्थापन गाउँपालिकाको एकिकृत जिन्सी प्रणाली Public Assets Management System - PAMS मा आवद्ध गरिनेछ । तर कार्यालयको स्वीकृतिमा औषधी

आपुर्ति, भण्डारण र वितरणको अभिलेख eLIMS प्रणाली मार्फत अद्यावधिक गर्नु पर्नेछ।

(६) प्रमुख प्रशासकीय अधिकृतले अस्पतालको जिन्सी सम्बन्धी कामकाज गर्न मातहतको कुनै कर्मचारीलाई तोक्नेछ ।

(७) जिन्सी व्यवस्थापन गर्ने गरी तोकिएको कर्मचारीले खर्च भएर जाने र नजाने जिन्सी रजिष्टरको लगत राखि समिति समक्ष त्रैमासिक रुपमा पेश गर्नुपर्नेछ ।

(८) प्रेस्कृप्सन अनुसार औषधीको समुचित प्रयोगको लागि सेवाग्राही वा हेरचाह गर्ने व्यक्ति वा औषधी लिन आउने व्यक्तिलाई औषधी दिने व्यक्तिले प्रचलित औषधी ऐन, नियमावली तया औषधी संहिताले निर्दिष्ट गरे बमोजिमको जानकारी दिनुपर्नेछ ।

(९) औषधी वितरण गर्दा औषधी विक्री वितरण सम्बन्धी सहिंता र औषधी सम्बन्धी प्रचलित कानुनको पालना गर्नुपर्नेछ।

(१०) व्यवस्थापन सूचना प्रणालीमा नियमित रुपमा औषधी उपकरणको विवरण पठाउनुपर्नेछ ।

२२. **फार्मेसी सञ्चालन गर्नेः** (१) अस्पतालको फार्मेसीमा निःशुल्क रुपमा वितरणका साथै स्वीकृत नीति

बमोजिम सहुलियत दरमा औषधी विक्री वितरण गर्न गाउँपालिकाले छुट्टै फार्मेसी सञ्चालन गर्नुपर्नेछ ।

(२) फार्मेसी मार्फत विक्री वितरण गर्ने औषधीको व्यवस्थापन जिन्सी व्यवस्थापकको समन्वयमा फार्मेसी प्रमुखले गर्नेछ।

(३) फार्मेसी सञ्चालन सम्बन्धी अन्य व्यवस्था फार्मेसी सेवा सञ्चालन निर्देशिका तथा अन्य प्रचलित कानुन र समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

२३. **आकस्मिक स्वास्थ्य सेवा व्यवस्थापनः** (१) अस्पतालले आकस्मिक सेवा प्रवाहको व्यवस्था गर्नुपर्नेछ, अस्पतालले २४ सै घन्टा आकस्मिक सेवा प्रदान गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) आधारभूत अस्पतालले प्रदान गर्ने आकस्मिक स्वास्थ्य सेवाको विवरण, सम्बन्धित स्वास्थ्यकर्मीको जिम्मेवारी र कर्तव्य समेत खुल्ने गरी आकस्मिक उपचार कक्षमा सबैले देख्ने ठाउँमा राख्नुपर्नेछ ।

(३) अस्पतालले प्रदान गरेको सेवा मध्ये आधारभूत स्वास्थ्य सेवाभित्र पर्ने आकस्मिक उपचार निःशुल्क उपलब्ध गराउनुपर्नेछ । आधारभुत सेवा

वाहेकका आकस्मिक उपचारको हकमा शुल्क लिन सक्नेछ ।

(५) अस्पतालले कसैलाई पनि आकस्मिक उपचार सेवाबाट वञ्चित गर्ने छैन । अति विपन्न, वेवारिसे, तत्काल संरक्षक र अभिभावक नभएका सेवाग्राहीलाई गाउँपालिकाको आकस्मिक उपचार कोष वा अन्य शिर्षकबाट खर्च व्यहोर्ने गरी आकस्मिक सेवा उपलब्ध गराउनु पर्नेछ।

२४. **सेवा व्यवस्थापनः** (१) अस्पतालमा प्रशासनिक कार्यालय, ओ.पि.डी., प्रयोगशाला, वार्डहरू, इमेजिङ कक्ष, शल्यक्रिया कक्ष, आकस्मिक कक्ष, फार्मेसी, क्यान्टिन, सोधपुछ कक्ष, प्रतिक्षालय लगायत प्रचलित मापदण्ड वमोजिम गुणस्तरीय सेवा प्रदान गर्नका लागि आवश्यक न्युनतम भौतिक पुर्वाधार, उपकरण तथा जनशक्तिको व्यवस्थापन गर्दै लगिनेछ ।

(२) अस्पतालमा विरामीको चापका आधारमा बिरामी दर्ता, निदानात्मक सेवाहरु र औषधी कक्षमा छिटोछरितो सेवा दिने व्यवस्था मिलाउनेछ ।

(३) अस्पतालले सेवा समय तालिका (दिन र बार र समय) खुल्ने गरीको वडापत्र सबैले देखे

ठाउँमा राख्नुपर्नेछ। ती सेवाहरु सम्बन्धित सेवा प्रदायक बाटै प्रदान गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

(४) आधारभूत अस्पतालमा प्रचलित मापदण्ड बमोजिम संक्रमण रोकथाम र नियन्त्रणको व्यवस्था गर्नुपर्नेछ र सो को नियमित र प्रभावकारी अनुगमनको व्यवस्था हुनेछ ।

(५) सेवाप्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको सुरक्षाको लागि विभिन्न सरुवा रोग विरुद्धको व्यक्तिगत सुरक्षा व्यवस्था गरेको हुनेछ ।

(६) अस्पतालले नेपाल सरकारबाट सञ्चालित सेवा वा कार्यक्रम सञ्चालन गर्दा तोकिएको प्रोटोकल, मापदण्ड, निर्देशिका अनिवार्य रुपमा पालना गरेको हुनेछ ।

(७) अस्पतालमा आधारभूत सरसफाई तथा स्वच्छ खानेपानीको व्यवस्था गर्नुपर्नेछ ।

(८) अस्पतालबाट निष्कासन हुने सामान्य तथा आधारभूत अस्पतालजन्य फोहोरमैला प्रकृति अनुसार स्रोतमा नै अलग अलग छुट्याउने, संकलन, ढुवानी तथा उचित विसर्जन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(९) अस्पतालमा न्युनतम सेवा मापदण्ड बमोजिमका सेवा तथा व्यवस्थापन सुधार गर्दै लैजानु पर्नेछ।

(११) तोकिएका आधारभूत अस्पतालहरुमा आपतकालीन व्यवस्थामा प्रयोग हुने सामग्रीहरूको अलग्गै भण्डारण कक्ष हुनुपर्नेछ। यस्तो भण्डारणमा कम्तीमा एकमहिनाको लागि अत्यावश्यक सामग्री स्टक राखे व्यवस्था हुनुपर्नेछ ।

(१२) आधारभूत अस्पतालहरुमा विभिन्न शाखा तथा इकाईबाट प्रदान गर्ने स्वास्थ्य सेवाहरु गुणस्तरीय रुपमा सञ्चालन गर्न समितिले छुट्टै कार्य सञ्चालन निर्देशिका तर्जुमा गरी लागू गर्नेछ।

(१३) आधारभूत अस्पतालको सेवा तथा भौतिक संरचना जेष्ठ नागरिक, बालवबालिका र अपाङ्गतामैत्री हुनुपर्नेछ । सो का लागि अत्यावश्यक ह्विलचेयर, ट्रली. स्टेचर अस्पतालमा व्यवस्थापन गर्नु पर्नेछ र त्यस्ता सामाग्रीहरू सेवाग्राहीले सहज रुपमा देखे ठाउँमा राख्ने व्यवस्था गर्नुपर्नेछ ।

(१४) स्वास्थ्य सेवा सञ्चालन र पूर्वाधार सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन, मापदण्ड र प्रोटोकल बमोजिम गर्नु पर्नेछ ।

परिच्छेद-७

सूचना, अभिलेखीकरण, गुनासो व्यवस्थापन

२५. व्यवस्थापन सूचना प्रणालीः (१) आधारभूत अस्पतालबाट प्रदान गरिने सम्पुर्ण सेवाहरुको अभिलेख स्वीकृत प्रकृया बमोजिम व्यवस्थापन गर्नुपर्नेछ।

(२) आधारभूत अस्पतालले स्वास्थ्य सेवा सम्बन्धी सूचना वडा कार्यालय, गाउँपालिका, प्रदेश तथा संघीय सम्बन्धित निकायमा आवश्यकता अनुसार उपलब्ध गराउनुपर्नेछ।

(३) आधारभूत अस्पतालवाट प्रदान गरिएका सेवाहरुको अभिलेखीकरण तथा प्रतिवेदन स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अनुसार हुनेछ।

(४) एम्बुलेन्स, दमकल, प्रहरी जस्ता सेवा लगायतको आकस्मिक सेवा का टेलिफोन आकस्मित नम्बरहरु स्पष्ट देखिने गरी राखुपर्नेछ ।

(५) आधारभूत अस्पतालमा आउने सेवाग्राहीलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायता कक्षको व्यवस्था गरी आवश्यक जानकारी दिने व्यवस्था गर्नुपर्नेछ ।

(६) आधारभूत अस्पतालभित्र प्रभावकारी सूचना सम्प्रेषणका लागि आन्तरिक टेलिफोनको

व्यबस्था साथै आवश्यक आधुनिक संयन्त्रको समुचित व्यवस्था गर्दै लानुपर्नेछ।

(७) आधारभूत अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाका वारेमा समय समयमा आधारभूत अस्पतालले जनचेतनामूलक अभियनान सञ्चालन गरी जनसमुदायलाई जानकारी गराउनु पर्नेछ।

(८) आधारभूत अस्पतालले स्वास्थ्य सम्वन्धी तथ्याङ्क नेपाल सरकारले निर्धारण गरे बमोजिमका सूचना प्रणालीहरुमा तोकिएको समय भित्र नै पूर्ण एवम् नियमित रुपमा प्रविष्ट गर्नुपर्नेछ ।

(९) आधारभूत अस्पतालवा स्वास्थ्यकर्मीले सेवा प्रवाह, महामारी व्यवस्थापन तथा अनुसन्धानको क्रममा संकलन गरेको स्वास्थ्य सम्बन्धी व्यक्तिगत सूचना, कागजात, जानकारी, तथ्याङ्क तथा अभिलेखको गोपनियताको सुनिश्चितता गर्नु अस्पताल तथा स्वास्थ्यकर्मीको जिम्मेवारी हुनेछ ।

(१०) तथ्याङ्क व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था प्रचलित तथ्याङ्क सम्बन्धी ऐन तथा नियमावली बमोजिम हुनेछ ।

२६. **<u>गुनासो व्यवस्थापनः</u>** (१) अस्पतालले सुझाव तथा उजुरी पेटीका सबैले देखे ठाउँमा राख्ने र प्रत्येक

महिनामा न्युनतम एक पटक नियमित रुपमा खोल्ने व्यवस्था मिलाउनुपर्नेछ ।

(२) आधारभूत अस्पतालले स्वास्थ्य सेवा सम्बन्धी सूचना प्रवाह, गुनासो, उजुरी र सुझाव संकलन गर्ने र त्यसको सम्बोधनको लागि छुट्टै एक अधिकारी तोक्न सक्नेछ ।

२७. **प्रेषण सम्बन्धी व्यवस्थाः** (१) उपचारको लागि आएको बिरामीलाई अस्पतालमा उपचार प्रदान गर्न नसकिने अवस्था भएमा अस्पतालमा उपलब्ध भएको सेवा प्रदान गरी थप उपचारका लागि तुरुन्त माथिल्लो अस्पतालमा प्रेषण गर्नु पर्नेछ। तर अस्पतालमा उक्त सेवा, जनशक्ति र उपचार हुन सक्ने अवस्था हुँदा हुँदै प्रेषण गरिने छैन।

(२) आधारभूत अस्पतालले प्रेषण गर्ने संस्थाहरूको पूर्व पहिचान गरी सो को अद्यावधिक सूचि राख्नुपर्दछ । कुनै विरामीलाई प्रेषण गर्नु पर्दा तत्काल सेवाको सुनिश्चितता गरेर मात्र पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रेषण गर्दा विरामीको विवरण प्रेषण भएर जाने आधारभूत अस्पतालमा पहिले नै पठाउने व्यवस्था गर्नुपर्नेछ।

(४) विरामीलाई अन्य अस्पतालमा प्रेषण गर्दा अस्पतालले पृष्ठपोषण उल्लेख गरी निर्दिष्ट प्रेषण पुर्जा सहित प्रेषण गरी विवरण अद्यावधिक गरी राख्नु पर्नेछ।

(५) प्रेषण गर्दा अस्पतालले प्रेषण मापदण्ड बमोजिमका न्युनतम उपकरण र सेवा उपलब्ध गराउनु पर्नेछ ।

(६) अस्पतालमा आएका विरामीको स्वास्थ्य अवस्था हेरी अस्पतालले उपचारमा प्राथमिकिकरण गर्न सक्नेछ ।

(७) आधारभूत अस्पतालमा प्रेषण भइ आएका विरामीलाई डिस्चार्ज गर्दा प्रेषण फिर्ती पुर्जा सहित डिस्चार्ज गरी सो को विवरण अद्यावधिक रुपमा राखुपर्नेछ ।

(८) उपदफा (७) बमोजिम डिस्चार्ज गर्दा विरामीलाई तोकिए बमोजिमको डिस्चार्ज सारंश दिनुपर्नेछ।

परिच्छेद-८

विविध

२८. **साझेदारी गर्न सक्नेः** अस्पतालले सेवालाई व्यवस्थित र प्रभावकारी बनाउन आधारभूत अस्पतालको

सरसफाई तथा फोहोर व्यवस्थापन, क्यान्टिन, सुरक्षा व्यवस्था, लन्ड्री, एम्बुलेन्स तथा शववाहन सेवा लगायतका व्यवस्थापन गर्न समितिको स्वीकृतिमा आवश्यकता अनुसार सामुदायिक, सरकारी, निजी तथा गैरसरकारी निकाय वा संस्थासँग सम्झौता वा साझेदारी गर्न सक्नेछ।

२९. **वार्षिक प्रतिवेदन पेश गर्ने:** समितिले वर्षभरिको काम कारबाहीको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र गाउँपालिका समक्ष पेश गर्नुपर्नेछ।

३०. **निर्देशन पालना गर्नुपर्ने:** कार्यपालिकाले दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ।

३१. **गाउँपालिकालाई आर्थिक दायित्व सिर्जना गर्न नहुने:** कार्यपालिकाको स्वीकृति विना समितिले थप आर्थिक भार पर्ने गरी दायित्व सृजना गर्नु हुँदैन।

३२. **अधिकार प्रत्यायोजन गर्न सक्ने:** समितिले आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, उपाध्यक्ष, सदस्य, सदस्य सचिव वा कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

३३. **कार्यविधिको पालना गर्नुपर्ने:** यस कार्यविधिको पालना गर्नु अस्पताल, स्वास्थ्यकर्मी कर्मचारी तथा सेवाग्राहीहरुको कर्तव्य हुनेछ ।

३४. **व्याख्या गर्ने अधिकार तथा बाधा अड्काउ फुकाउनेः** यस कार्यविधिमा उल्लिखित कुनै प्रावधानबारे द्विविधा उत्पन्न भई कार्यान्वयनमा वाधा परेमा कार्यपालिकाले सो को व्याख्या गर्नेछ।

३५. **प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएका विषयहरू यसै बमोजिम र उल्लेख नभएमा विषयहरू प्रचलित कानुन बमोजिम हुनेछ ।

३६. **संशोधन**ः कार्यपालिकाले यो कार्यविधिको कुनै बुँदा संशोधन गर्न वा खारेज गर्न सक्नेछ।

३७. **खारेजी र वचाउः** यो कार्यविधि लागू भएपछि यस अघि कायम रहेको अस्पताल व्यवस्थापन समिति खारेज हुनेछ । सो समितिको निर्णय वमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

आज्ञाले,
विनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत